# सेवा करारमा कृषि अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक छनौट सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावनाः भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकाय तथा आयोजनामा रिक्त रहेको स्थायी दरबन्दीको पदमा पदपूर्ति नहुन्जेल सम्मका लागि कृषि अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा भर्ना गर्न छनौट सम्बन्धी प्रकृया, मापदण्ड, कार्यविधि एवं मूल्यांकनका आधारहरु तय गर्न आवश्यक भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "सेवा करारमा कृषि अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक छनौट सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्द्वारा स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कर्मचारी" भन्नाले कृषि सेवा छनौट सिफारिस समितिको प्रशासनिक काम कारवाहीमा सहयोगको लागि तोकिएको कर्मचारीलाई जनाउछ ।

(ख) "कार्यालय, आयोजना वा निकाय" भन्नाले मन्त्रालय मातहतका कार्यालय,आयोजना र निकायलाई जनाउँछ ।

(ग) "कृषि अधिकृत" भन्नाले मन्त्रालय र मातहतका कार्यालय, निकाय तथा आयोजनामा सेवा करारमा काम गर्ने कृषि सेवाका सबै समूहका अधिकृत, अधिकृतस्तर सातौं लाई जनाउछ ।

(घ) "नाता सम्बन्ध" भन्नाले पति-पत्नी, आमा-बाबु तथा छोरा-छोरी, धर्मपुत्र-धर्मपुत्री, दाजु-भाई, दिदी बहिनी, भाउजु बुहारी, काका-काकी, ठूलोबुबा-ठुलोआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भान्जा-भान्जी, भिनाजु-ज्वाई, मामा-माइजु, फूपु-फुपाजु, साला-साली र तिनका छोराछोरीलाई जनाउछ ।

प्रमुख सचिव

सचिव

(ङ) "पदपूर्ति समिति" भन्नाले मन्त्रालय, मातहतका निकाय तथा आयोजनाकालागि सेवा करारमा कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक कर्मचारी छनौट गर्न दफा ३ बमोजिम गठित पदपूर्ति समितिलाई जनाउछ ।

(च) "पदाधिकारी" भन्नाले पदपूर्ति समितिमा र सिफारिस समितिमा रहने अध्यक्ष र सदस्यलाई जनाउछ ।

(छ) "प्राविधिक सहायक/नायव प्राविधिक सहायक" भन्नाले मन्त्रालय र मातहतका कार्यालय, निकाय तथा आयोजनामा सेवा करारमा काम गर्ने कृषि सेवाका सबै समूहका प्राविधिक सहायक पाचौंस्तर तथा नायव प्राविधिक सहायकस्तर चौथो लाई जनाउछ ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नम्बर १ लाई जनाँउछ ।

(झ) "विज्ञ" भन्नाले कृषि सेवाका सबै तहको छनौट गर्नका लागि मूल्यांकन गर्ने कार्यमा संलग्न विषयगत दक्षता भएको व्यक्तिलाई जनाउछ ।

(ञ) "सिफारिस समिति" भन्नाले मन्त्रालय मातहतका कार्यालय, निकाय तथा आयोजनाकालागि सेवा करारमा कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक कर्मचारी छनौट गर्न दफा ४ बमोजिम गठित समितिलाई जनाउछ ।

प्रमुख सचिव

सचिव

## परिच्छेद - २

## पदपूर्ति तथा सिफारिस समिति

३. **पदपूर्ति समितिको गठनः** (१) मन्त्रालय मातहतका कार्यालय, निकाय तथा आयोजनामा कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक कर्मचारी छनौट गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिनेछ ।

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) - सदस्य

(ग) मन्त्रालयको सेवा समूहसँग सम्बन्धित महाशाखा प्रमुख - सदस्य

(घ) सेवा समूह सम्बन्धी क्षेत्रका विषय विज्ञ - सदस्य

(ङ) मन्त्रालयको प्रशासन तथा सहकारी विकास महाशाखा प्रमुख - सदस्य सचिव

(२) पदपूर्ति समितिमा आवश्यकताका आधारमा विशेषज्ञको रुपमा अधिकतम ३ जना सम्म विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

४. **सिफारिस समितिको गठनः** (१) कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा सेवा करारको लागि खुल्ला प्रतिस्पर्धा गराई उपयुक्त उम्मेदवारको छनौट गरी सिफारिस गर्न पदपूर्ति समितिले आवश्यकतानुसार एक सिफारिस समिति गठन गर्न सक्नेछ ।त्यसरी सिफारिस समिति गठन नभएमा पदपुर्ति समितिले नै सिफारिस समितिको काम गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको सिफारिस समितिले आवश्यकतानुसार कुनै विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) पदपूर्ति समितिका पदाधिकारी, सिफारिस समितिका पदाधिकारी, आमन्त्रित विषय विज्ञ तथा सिफारिस समितिले काममा खटाएका कर्मचारीलाई प्रदेश नं.१ प्रदेश सरकारबाट जारी भई लागु भएको सार्वजनिक खर्च मापदण्ड, कार्याविधि र मितव्ययिता सम्बन्धि निर्देशिका मा तोकिए बमोजिमको बैठक भत्ता र अन्य सेवा सुविधा दिइनेछ ।

प्रमुख सचिव

सचिव

## परिच्छेद -२

## पदपूर्ति तथा छनौट सम्बन्धी व्यवस्था

५. **कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा सेवा करारमा नियूक्तिको लागि उम्मेदवारको योग्यताः**

(१) देहायको व्यक्ति कृषि सेवाको अधिकृत पदमा नियुक्तिको लागि योग्य मानिनेछ।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, भेटनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

(२) देहायको व्यक्ति प्राविधिक सहायक तथा नायब प्राविधिक सहायक पदमा नियुक्तिको लागि योग्य मानिनेछन् ।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० बर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, भेटनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह र नायव प्राविधिक सहायक पदको लागि कृषि, भेटनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा प्राविधिक एस.एल.सी.(प्रवेशिका परीक्षा) वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

६. **सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्थाः** (१) कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा पदपूर्ति गर्न सूचना प्रकाशन गर्दा दफा ५ बमोजिमको योग्यता हासिल गरेका इच्छुक नेपाली नागरिकहरुमध्येबाट दरखास्त आव्हान गरिनेछ । सोको लागि कम्तीमा ७ (सात) दिनको समय दिई राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छ । सो सूचना मन्त्रालयको वेभसाईट र सूचना पाटीमा समेत टाँस गर्नुपर्ने छ ।

(२) कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदको लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले उपदफा (१) मा उल्लेख गरिएको सूचनामा तोकिएको म्यादभित्र लोक सेवा आयोगले खुला प्रतियोगिताको लागि निर्धारण गरेको दरखास्त फाराम भरी सोही सूचनामा उल्लेख गरिएको स्थानमा बुझाउनु पर्नेछ ।

प्रमुख सचिव

सचिव

(३) उपदफा (२) बमोजिम दरखास्त फारम बुझाउँदा दरखास्तको साथमा निम्न कुराहरु संलग्न हुनुपर्नेछ।

(क) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु १/१ थान ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ थान ।

(ग) दरखास्त दस्तुर बुझाएको सक्कल रसिद ।

(घ) अनुभव वा तालिम भए सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानविन गर्दा रीत पुगेको र सूचनामा उल्लेखित शर्तहरु पुरा भएको दरखास्त मात्र अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनेछ ।

(५) यस दफा बमोजिम दरखास्त फारम बुझाउदा कृषि सेवाका अधिकृत पदका लागि एक हजार रुपैंया तथा प्राविधिक सहायक र नायव प्राविधिक पदका लागि पाँच सय रुपैंया दरखास्त दस्तुर लाग्नेछ ।

७. <u>मांग संकलन र पदसंख्या निर्धारण</u>: मन्त्रालय र मातहतका निकायमा रिक्त रहेको कृषि सेवाका अधिकृत तथा प्राविधिक सहायक र नायव प्राविधिक पदहरु मध्ये अति आवश्यक पदहरुमा मात्र सेवा करारमा भर्ना गर्न पदहरुको माग संकलन गरी पदसंख्या निर्धारण गर्ने काम मन्त्रालयले गर्नेछ ।

८. <u>छनौट विधिः</u> सेवा करारमा कर्मचारी पदपूर्ति गर्दा उम्मेदवारको छनौट शैक्षिक योग्यता र अनुभवको आधारमा उम्मेदवारको संक्षिप्त सूची तयार गरि अन्तरवार्ताद्धारा गरिनेछ ।

९. <u>कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदहरुमा उम्मेदवार छनौटको मूल्यांकनका आधार तथा संक्षिप्त सूचीः</u> (१) कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक छनौटको लागि विभिन्न चरणमा लिइने परीक्षाको कूल १००(एक सय) पूर्णाङ्क हुनेछ । सो अङ्कभारलाई देहायमा उल्लेख गरिएका उपशिर्षकहरुका भारका आधारमा प्रदान गरिनेछ ।

(क) शैक्षिक योग्यता र अनुभव - पचास अङ्क

(ख) अन्तरवार्ता - पचास अङ्क

(२) सिफारिस समितिले दफा ६ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारको शैक्षिक योग्यता र अनुभवको मूल्यांकन अनुसूची-१ बमोजिमको मूल्यांकनका आधारमा मूल्यांकन गर्दा न्यूनतम् ५०% अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्ये माग पद संख्याको तेब्बर संख्यामा उम्मेदवारहरुको नाम दरखास्त दिने अन्तिम म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र छनौट गरी संक्षिप्त सूची प्रकाशन गर्नुपर्नेछ । यस दफा बमोजिम उम्मेदवारले प्राप्त गर्ने अंकलाई उम्मेदवारले अन्तर्वातामा प्राप्त गरेको अङ्कमा गणना गरी जम्मा प्राप्ताङ्कको आधारमा अन्तिम नतिजा प्रकाशन गरिने छ ।

तर माग पदसंख्याको तेब्बर संख्या वा सो भन्दा कम मात्र आवेदनहरु परेमा योग्यता पुगेका सबै उम्मेदवारहरु स्वतः संक्षिप्त सूचीमा समेटिएको मानिने छ ।

प्रमुख सचिव

सचिव

१०. <u>अन्तरवार्ता:</u> (१) दफा ९ को उपदफा (२) बमोजिम संक्षिप्त सूचीबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सामेल गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीमा नाम समावेश भएका उम्मेदवारहरुको अन्तरवार्ताका लागी पदपूर्ति समितिले ३ सदस्यीय अन्तरवार्ता समिति गठन गर्न सक्नेछ ।

(३) अन्तरवार्ताको अंकभार दफा ९ को उपदफा १ को (क) बमोजिम जम्मा ५० (पचास) अंकको हुनेछ ।

(४) अन्तरवार्तामा मूल्यांकन गर्नको लागी लोकसेवा आयोग नियमावली, २०६७ को अनुसूची-३ बमोजिमको फारम प्रयोग गर्न सकिनेछ । अन्तरवार्ता गर्दा अन्तरवार्ताकर्ताले सोही अनुसूचीमा उल्लेखित कुराहरुलाई ध्यानमा राखी गर्न सक्नेछन् ।

(५) अन्तरवार्ताको लागि तोकिएको मिति, समय र स्थानमा अनुपस्थित हुने उम्मेदवारलाई पुनः अन्तरवार्तामा सामेल गराइने छैन ।

(६) दफा ९ उपदफा (२) बमोजिम प्रकाशन गरिएको संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको अन्तरवार्ताको लागि मिति, समय र स्थान सम्बन्धि सूचना दैनिक राष्ट्रिय स्तरको समाचार पत्रमा प्रकाशित गरिनेछ । उक्त सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत टाँसिने छ ।

(७) अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरुले अन्तरवार्ताका दिन आफुले दरखास्त साथ पेश गरेका शैक्षिक योग्यताका र अनुभवका प्रमाणपत्रहरु तथा नेपाली नागरिकताको प्रमाणपत्रको सबै सक्कल प्रतिहरु लिई आउनु पर्नेछ ।

(८) यो कार्यविधिको अनुसूची-२ मा उल्लेख गरिएका आधारहरुमा अन्तरवार्ताको मूल्यांकन गरिनेछ।

(९) अन्तरवार्ताको मूल्यांकन गर्ने प्रत्येक सदस्यले तोकिए बमोजिम अलग अलग फाराममा मूल्यांकन गरिनेछ । अन्तरवार्ता समाप्त हुने वित्तिकै उपस्थित सबैको रोहवरमा सिलबन्दी गरी सो खामको बाहिर विज्ञ लगायत अन्तरवार्तामा सामेल सबै सदस्यहरुले सहीछाप गर्नुपर्नेछ ।

(१०) अन्तरवार्तामा संलग्न कुनै मूल्यांकनकर्ताले सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ र त्यसरी प्रदान गरेको अङ्क पचास प्रतिशत भन्दा बढि मूल्यांकनकर्ताहरुले प्रदान गरेको भए मात्र मान्य हुनेछ । अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा चालिस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ ।

११. <u>अन्तिम नामावली प्रकाशन तथा सेवा करारका लागि सिफारिस:</u> (१) अन्तिम नतिजा प्रकाशनको लागी समितिबाट लिइएको विभिन्न चरणको परीक्षामा उम्मेदवारले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रमको सूची तयार गर्नुपर्ने छ ।

(२) अन्तरर्वाता समाप्त भएपछि सिफारिस समितिका पदाधिकारीहरुले उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्कलाई शैक्षिक योग्यता, तालिम र अनुभवको प्राप्ताङ्कसँग जोडी सबैभन्दा बढि अङ्क प्राप्त गर्ने आवश्यक संख्या र लोकसेवा आयोग नियमावली, २०६७ को अनुसूची-५ बमोजिमको संख्यामा बैकल्पिक सिफारिस सहित उम्मेदवारलाई वरियता क्रमानुसार सेवा करारका लागि

प्रमुख सचिव

सचिव

पदपूर्ति समिति समक्ष सिफारिस गर्नु पर्नेछ । त्यसरी सिफारिस समितिबाट प्राप्त सिफारिसलाई पदपूर्ति समितिले अनुमोदन गरी सेवा करारको लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम सेवा करारमा राखिएका कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायकहरुको पद आर्थिक वर्ष भित्र रिक्त भएमा बैकल्पिक सूचीमा भएका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा सेवा करारको लागि सिफारिस गरिनेछ ।

१२. <u>सेवा सुविधा एवं पदावधि सम्बन्धी व्यवस्था:</u> (१) सेवा करारको कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदको पदावधि सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ। स्थायी दरबन्दी भित्रको रिक्त भएको पदमा मात्र करार सेवा लिईने छ ।करार संझौताबाट पूर्ति गरिएको पदमा लोक सेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएमा करार संझौता स्वतःखारेज हुनेछ । सम्पादित कार्य सन्तोषजनक रहेमा सालवसाली म्याद थप हुन सक्नेछ ।

(२) मासिक पारिश्रमिक प्रदेश सरकारले सालबसाली रुपमा स्वीकृत गरेको समान श्रेणी र पदले खाईपाई आएको शुरु तलब स्केल बराबर हुनेछ ।

(३) कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायकलाई उपदफा (२) बमोजिमको मासिक पारिश्रमिक बाहेक अन्य सुविधाका हकमा कानूनले तोकिए बमोजिम सेवा करार संझौतामा उल्लेख गरि दिन सकिने छ।

प्रमुख सचिव

सचिव

## परिच्छेद-४
## विज्ञ सम्बन्धि व्यवस्था

१३. विज्ञको सूची तयार गर्ने: (१) शैक्षिक योग्यताको मूल्यांकन तथा अन्तरवार्ताका लागी दरखास्त बुझाउने अन्तिम मिति अगावै सिफारिस समितिले आवश्यकता अनुसार विज्ञहरुको चयन गरी सूची तयार गर्नु पर्नेछ। त्यस्तो सूचीमा कृषि सेवाका एग्री.इको.मार्केटिङ्ग, कृषि प्रसार, वागवानी, खाद्य प्रविधि तथा गुण नियन्त्रण, वाली संरक्षण, वाली विकास, माटो, मत्स्य, लाईबस्टक, पोल्ट्रि प्रोडक्सन एण्ड डेरी डेभेलोपमेन्ट, भेटेरिनरी तथा कृषि इन्जिनियरिङ्ग आदि क्षेत्रका कम्तीमा ७ (सात) जना विज्ञहरु रहने छन् ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा छलफल गरी सम्भव भएसम्म शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको अनुभव र व्यवसायिक दक्षताको आधार लिई तयार गर्नु पर्नेछ ।

१४. आचार संहिता पालना गर्नुपर्ने: (१) दक्ष वा विज्ञले पालना गर्नु पर्ने आचरण:

(क) अन्तरवार्ता सम्बन्धि कार्यजिम्मेवारीको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्नु हुँदैन

(ख) आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा अन्तरवार्ता सम्बन्धि जिम्मेवारी निर्वाह गर्नु हुँदैन ।

(ग) अन्तरवार्ताका लागि प्रदान गरिएको अङ्क कही कतै व्यक्त गर्नु हुदैन ।

(२) अन्तरवार्ताकर्ताले पालना गर्नुपर्ने आचरण:

(क) नाता सम्बन्ध भएका व्यक्ति उमेदवार भएमा अन्तरवार्तामा बस्नु हुदैन ।

(ख) अन्तरवार्ता हुनुभन्दा अघि त्यस्तो कार्यमा आफू संलग्न हुने कुरा कही कतै व्यक्त गर्नु हुदैन ।

(ग) अन्तरवार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्नु हुदैन ।

(३) पदपूर्ति समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचरण:

(क) नाता सम्बन्ध भएका व्यक्ति उमेदवार भएमा कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदको छनौट सम्बन्धी कुनै पनि कार्यमा संलग्न हुनु हुँदैन ।

(ख) कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कही कतै मत व्यक्त गर्नु हुँदैन ।

(ग) सिफारिस समितिका पदाधिकारी वा कर्मचारीले गरिरहेको कामको गोपनीयता कायम गर्नुपर्ने छ ।काम कारवाहीका विषयमा अनावश्यक रुपमा खोजीनीति गर्न वा चासो लिन हुँदैन ।

(घ) कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा छनौटको लागि सूचना प्रकाशन भएदेखि उम्मेदवारको नाम सिफारिस नभए सम्मको अवधि भर सिफारिस समितिका पदाधिकारी वा कर्मचारीलाई अनावश्यक प्रलोभन, दवाव, धम्की, भनसुन वा आग्रह गर्न हुदैन ।

प्रमुख सचिव

सचिव

(४) सिफारिस समितिका पदाधिकारी एवं कर्मचारीले पालना गर्नुपर्ने आचरणः

(क) कार्यगत स्वतन्त्रता र निष्पक्षता कायम राख्न हरसम्भव प्रयत्नशिल रहनु पर्नेछ।

(ख) कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदको छनौटसँग सम्बन्धित कामको गोपनीयता कायम गर्नु पर्नेछ।

(ग) कृषि सेवाका अधिकृत, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा छनौट सम्बन्धी कार्य सम्पादन गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष अप्रत्यक्ष रुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, आदीबाट प्रेरित वा प्रभावित नभई कानुनको सही रुपमा प्रयोग गरि कार्यसम्पादन गर्नु पर्छ ।

(घ) कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी मन्त्रालयको वृहत्तर हितलाई प्राथमिकता दिई आफ्नो पदीय कर्तव्यको पालना गर्नु पर्छ ।

(ङ) करार सेवाको पदमा छनौट सम्बन्धी काम कारवाहीमा असर पर्ने गरी वा निष्पक्षता, गोपनीयता वा विश्वसनियतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिव्यक्ति दिनु हुँदैन।

(च) कुनै पनि उम्मेदवारबाट कुनै दान, दातव्य, चन्दा, ऋणसापटी, आर्थिक, वा भौतिक लाभ, उपचार वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुदैन ।

१५. <u>नाता सम्बन्ध भएका व्यक्ति संलग्न रहेको विषयको काम कारवाही सम्बन्धमाः</u> (१) कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी भएमा सो को लिखित जानकारी पदपुर्ती समितीलाई गराउनु पर्दछ । पदपूर्ति समिति एवं सिफारिस समितिका पदाधिकारी एवं कर्मचारीले आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा निष्पक्षता एवं गोपनीयता कायम राख्न देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुदैनः

(क) अन्तरवार्ता,

(ख) मूल्यांकन एवं नतिजा प्रकाशन गर्ने कार्य ।

१६. <u>गोपनीयताः</u> छनौट प्रकृया सम्बन्धी काम कारवाही तथा गोपनीयता गर्नु पर्ने परीक्षा सम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी एवं कर्मचारीको हुन

## परिच्छेद-५
## <u>विविध</u>

१७ . <u>विविधः</u> (१) सिफारिस समितिले आवश्यकता अनुसार आफ्ना काम कारवाहीका सम्बन्धमा प्रयोजन हेरी छुट्टाछुट्टै निर्णय पुस्तिका, दर्ता किताव, चलानी किताब आदि खडा गर्नेछ ।

(२) सिफारिस समितिले आफैले गर्ने कार्य बाहेक गोपनीयता भङ्ग नहुने साधारण कार्य गर्नको लागि मन्त्रालय वा मातहतका निकायका कर्मचारीहरुको सहयोग लिन सक्नेछ ।

प्रमुख सचिव

सचिव

(३) सिफारिस समितिले दरखास्त आह्वान गरिएको सूचना, कार्यविधि, कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पद सँग सम्बन्धित कार्यविवरण (TOR) तथा आयोजना सम्बन्धी आधारभूत जानकारी भएको अन्य सामाग्रीहरु लगायत आवश्यक देखेका अन्य कुराहरु जानकारीको लागि मन्त्रालयले सूचना डेस्क वा वेभसाइट मार्फत सूचना प्रवाहको व्यवस्था मिलाउन सक्ने छ ।

(४) यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा कुनै द्विविधा पर्न गई व्याख्या गर्न आवश्यक परेमा पदपुर्ती समितिले व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम बाधा अड्काउ फुकाउने प्रयोजनका लागि व्याख्या गर्दा पदपुर्ती समितिले लोक सेवा आयोगको सामान्य सिद्धान्तलाई आधार मान्न सक्नेछ ।

(६) सिफारिस समितिले कृषि सेवाका अधिकृत,प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा छनौट सम्बन्धी कार्यप्रक्रिया अवलम्बन गर्दा यस कार्यविधिमा उल्लेख नभएका व्यवस्थाहरुको हकमा लोक सेवा आयोगद्वारा निर्धारण भएको सिद्धान्त, कार्यविधि र प्रक्रियालाई अवलम्बन गर्नेछ ।

(७) सिफारिस समितिको प्रशासनिक काम कारवाहीमा सहयोग पुर्‍याउनको लागि सिफारिस समितिको अनुरोधमा मन्त्रालय वा मातहतका निकायहरुले आवश्यक कर्मचारी खटाउन सक्नेछ ।

प्रमुख सचिव

सचिव

## अनुसूची – १

(दफा ९ को उपदफा १ (क) सँग सम्बन्धित)

(क) (१). कृषि सेवाका अधिकृत पदको उम्मेदवार छनौटको लागि शैक्षिक योग्यता, तालिम र अनुभव वापतको अंक प्रदान गर्ने आधारहरुः

पूर्णाङ्क : ५०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ३० अङ्क |
| १.१ | प्रथम श्रेणी (स्नातक तह) | २० अङ्क |
| १.२ | द्वितीय श्रेणी (स्नातक तह) | १५ अङ्क |
| १.३ | तृतीय श्रेणी (स्नातक तह) | १० अङ्क |
| १.४ | कृषि सेवाको पदको लागि आवश्यक विषयमा स्नातकोत्तर गरेको भए | ५ अङ्क |
| १.५ | कृषि सेवाको पदको लागि आवश्यक विषयमा विद्यावारिधि गरेको भए | १० अङ्क |
| २ | **शैक्षिक योग्यता वा सेवा, समूह, उप-समूह विषय सँग सम्बन्धित विषयमा कम्तीमा ७ (सात) कार्य दिनको तालिम वापत** | १० अङ्क |
| ३ | सेवा समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत | १० अङ्क |
| ३.१ | १ वर्षभन्दा बढीको अनुभवको लागि | १० अङ्क |
| ३.२ | १ वर्षभन्दा कमको अनुभवको लागि | ५ अङ्क |
| | **जम्माः** | **५० अङ्क** |

(क) (२). कृषि सेवाका प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदका लागि शैक्षिक योग्यता, तालिम र अनुभव वापतको अंक प्रदान गर्ने आधारहरुः

पूर्णाङ्क : ५०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | **शैक्षिक योग्यता बापत** | ३० अङ्क |
| १.१ | प्रथम श्रेणी (प्रमाण पत्र तह) | २० अङ्क |
| १.२ | द्वितीय श्रेणी (प्रमाण पत्र तह) | १५ अङ्क |
| १.३ | तृतीय श्रेणी (प्रमाण पत्र तह) | १० अङ्क |
| १.४ | कृषि सेवाको पदको लागि आवश्यक विषयमा स्नातक गरेको भए | ५ अङ्क |
| १.५ | कृषि सेवाको पदको लागि आवश्यक विषयमा स्नातकोत्तर वा सो भन्दा माथिको शैक्षिक योग्यता भए | १० अङ्क |
| २ | **शैक्षिक योग्यता वा सेवा, समूह, उप– समूह विषय सँग सम्बन्धित विषयमा कम्तीमा ७(सात) कार्य दिनको तालिम वापत** | १० अङ्क |
| ३ | **सेवा, समूह र विषयगत क्षेत्रमा काम गरेको अनुभव वापत** | १० अङ्क |
| ३.१ | १ वर्ष र सो भन्दा बढीको अनुभवको लागि | १० अङ्क |
| ३.२ | १ वर्षभन्दा कमको अनुभवको लागि | ५ अङ्क |
| | **जम्माः** | **५० अङ्क** |

**द्रष्टव्यः-** शैक्षिक योग्यता वापत अंक प्रदान गर्दा, आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता वापतको अंक प्रदान गर्दा सबै भन्दा माथिल्लो शैक्षिक योग्यता वापतको एकमुष्ट १० अंक प्रदान गरिनेछ ।

प्रमुख सचिव

सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

# अनुसूची – २

## (दफा ९ को उपदफा (१) (ख) सँग सम्बन्धित)

(ख) अन्तरवार्ता मूल्यांकनको आधारः

पूर्णाङ्क : ५०

| सि.नं. | विवरण | अंकभार |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १० अङ्क |
| २ | व्यक्तित्व | १० अङ्क |
| ३ | सिर्जनशील क्षमता | १० अङ्क |
| ४ | प्रस्तुति र शुद्धता | १० अङ्क |
| ५ | आत्मविश्वास | १० अङ्क |
| | जम्माः | ५० अङ्क |

प्रमुख सचिव

सचिव